# राष्ट्रिय मानव अधिकार आयोग

हरिहर भवन, पुल्चोक, ललितपुर

# विशेषज्ञ सेवाको लागि आवेदन दिने सम्बन्धी सूचना

*प्रकाशित मिति : २०७५ माघ २२ गते*

राष्ट्रिय मानव अधिकार आयोगले संयुक्त राष्ट्र संघीय संयन्त्र विश्वव्यापी आवधिक समीक्षा ( Universal Periodic Review - 2015) का सिफारिसहरुको कार्यन्वयनको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार पारिएको विश्वव्यापी आवधिक समीक्षामार्फत प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजनामा समावेश गरिएका विषयहरुको अर्थ, यसको व्याख्या, कार्यान्वयनको अवस्था तथा तुलनात्मक अभ्यासको बारेमा स्पस्ट पर्ने उद्देश्यले तपसिलमा उल्लेख गरिएका १८ वटा विषयहरुमा एकएक वटा Position Paper तयार गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। Position Paper तयार गर्न इच्छुक र योग्य विशेषज्ञहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र tikaram.pokharel@nhrcnepal.org र prem.thapa@nhrcnepal.org मा वा आयोगको प्रशासन महाशाखामा तपसिलमा उल्लेख गरिएका शर्त तथा बन्देजहरुको अधिनमा रही आवेदन गर्न सूचित गरिन्छ। अन्य विस्तृत जानकारीको लागि आयोगको टेलिफोन नं ५०१००१५ एक्सटेन्सन २०६ वा ९८४९६६८८५७ (प्रेमबहादुर थापा) मा सम्पर्क गर्न सकिनेछ।

## शर्त तथा बन्देजहरु

१. आवेदन गर्न इच्छुक विशेषज्ञहरुले आफ्नो वैयिक्तिक विवरण ( Bio-data) र आफूले Position paper तयार गर्न चाहेको विषयवस्तु सहित आवेदन पेश गर्नु पर्नेछ।

२. विशेषज्ञहरुले आफुले तयार पार्ने Position paper मा विश्वव्यापी आवधिक समीक्षा मार्फत प्राप्त सिफारिस कार्यन्वयनको लागि तयार पारिएका हरेक विषयहरुको अर्थ, यसको व्याख्या, प्रचलित नेपाल कानुन र अन्तर्राष्ट्रिय कानुनी व्यवस्था, सिफारिसहरुको कार्यान्वयनको वर्तमान अवस्था, तुलनात्मक अभ्यास, विश्लेषण र सिफारिस कार्यन्वयनका लागि चाल्नुपर्ने आवश्यक सिफारिसहरु समावेश भएको हुनु पर्नेछ।

३. आयोग र छनौट भएका विशेषज्ञहरुको बीच आयोगले निर्धारण गरेको बजेटको आधारमा पारिश्रमिक निर्धारण गरी सम्झौता गरिने छ र यस्तो पारिश्रमिकमा प्रचलित कानून बमोजिम लाग्ने कर कट्टी गरिनेछ।

४. प्राप्त आवेदनहरुको आधारमा विशेषज्ञहरुको छनौट गर्ने अन्तिम अधिकार आयोगमा निहित रहनेछ।

## Position paper तयार पार्नुपर्ने विषयहरु

१. शिक्षा
२. स्वास्थ्य, पोषण तथा जनसंख्या
३. श्रम तथा रोजगार
४. संस्कृति
५. कानूनी सुधार र न्याय प्रशासन (कानूनको निर्माण र सुधार तथा अदालत)
६. वातावरण र दिगो विकास
७. महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसंख्यक
८. नेपालको अन्तर्राष्ट्रिय दायित्व
९. खाद्य सुरक्षा (खाद्य स्वच्छता र सम्प्रभुता, स्वस्थ, कृषि, वस्तु उत्पादन तथा बिक्री, वितरण र उपभोक्ता हक)
१०. संक्रमणकालीन न्याय र द्वन्द्वपीडित
११. मानव अधिकार शिक्षा
१२. समावेशी विकास (आदिवासी, जनजाति तथा सीमान्तकृत वर्ग, दलित, पिछडिएको वर्ग क्षेत्र, बादी)
१३. बालबालिका (बालबालिकाको अधिकार संरक्षण, विकास र बालन्याय)
१४. आवास (सहरी विकास र आवास)
१५. सामाजिक सेवा र सुरक्षा (खानेपानी, ऊर्जा, सरसफाइ, ढल निकास, प्राकृतिक स्रोत साधनको प्रयोग, सहकारी, गरिबी, खेलकुद, सडक प्रयोग)
१६. सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन
१७. हिरासत तथा कारागार सुधार
१८. संस्थागत सुदृढीकरण